# हतुवागढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## घोडेटार, भोजपुर

कोशी प्रदेश, नेपाल

मिति-२०८०/०६/२५

विषय- सूचना टाँस गरी जानकारी गराइदिनुहुन ।

श्री जिल्ला समन्वय समितीको कार्यालय
भोजपुर।

श्री जिल्ला प्रशासन कार्यालय
भोजपुर ।

श्री जिल्ला प्रहरी कार्यालय
भोजपुर ।

श्री मालपोत कार्यालय
भोजपुर ।

श्री ईलाका प्रहरी कार्यालय
घोडेटार, भोजपुर ।

श्री वडा कार्यालयहरु (सबै)
हतुवागढी गाउपालिका।

यस कार्यालयको मिति २०८०/०६/२५ गतेको हतुवागढी गाउँपालिका क्षेत्रभित्र जडीबुटी र जीवजन्तु निकासी कर सम्बन्धी ठेक्का आह्वानको सूचना पाना थान ३ यसै पत्रसाथ संलग्न छ, सो सूचना तहाँ कार्यालयको सूचना पाटिमा टाँस गरी जानकारी पठाई दिनुहुन अनुरोध छ ।

महेश निरौला

प्रमुख प्रशासकीय अधिकृत

# हतुवागढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## घोडेटार, भोजपुर

कोशी प्रदेश, नेपाल

### जडीबुटी र जीवजन्तु निकासी कर संकलन सम्वन्धी ठेक्का आह्वानको सूचना
### चौथो पटक प्रकाशित मिति-२०८०/०६/२५

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६१ मा व्यवस्था भए अनुसार एवं यस हतुवागढी गाउँपालिकाको १३ औ गाउँसभाबाट निर्णय भएबमोजिम हतुवागढी गाउँपालिका अर्न्तगत आन्तरिक आय संकलनको लागि आ.व.२०८०/०८१ असार मसान्तसम्मको लागि तपसिल बमोजिमको आन्तरिक आय अर्न्तगत हतुवागढी गाउँपालिका क्षेत्रभित्र जडीबुटी र जीवजन्तु निकासी कर ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकाले ईच्छुक व्यक्ति, संस्थाहरुले तपसिल बमोजिमको सर्त बन्देजको अधिनमा रही यस गाउँपालिकामा तोकिएको समय भित्र छुट्टाछुट्टै गोप्य शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | ठेक्का नं. | ठेक्काको नाम | ठेक्का अवधि | न्यूनतम बार्षिक ठेक्का अंक रु | शिलबन्दी दरभाउपत्र फारम बुझाउने अन्तिम समय र मिति | शिलबन्दी दरभाउपत्र फारम खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|
| १ | ०१/राजश्व/०८०/०८१ | जडीबुटी र जीवजन्तु निकासी कर संकलन | १ बर्ष | ३००,०००। (अक्षरुपी तीनलाख मात्र) | २०८०/०७/०१ गते कार्यालय समय सम्म | २०८०/०७/०२ गते दिनको २:०० बजे |

१. शिलबन्दी दरभाउपत्र फारम रु १,०००। (अक्षरुपी एक हजार मात्र ) तिरी यस कार्यालयको राजश्व शाखाबाट प्राप्त हुनेछ। शिलबन्दी दरभाउपत्र यो सूचना चौथो पटक प्रकाशित भएको मितिले ७ औ दिनको ५ बजे कार्यालय समयभित्र खरिद गरी भोलिपल्ट १६ औ दिनको १२: ०० बजे भित्र यस कार्यालयमा पेश गर्न सकिनेछ ।

२. शिलबन्दी दरभाउपत्र साथ जमानत बापत कबोल गरेको अंकको ५ प्रतिशतले हुन आउने रकम यस कार्यालयको नाममा प्रभु बैक लिमिटेड हतुवागढी शाखामा रहेको हतुवागढी गा.पा. ग ३.१ धरौटी खर्च खाता नं. १५६०११३७९८६०००४२ मा जम्मा गरेको भौचर संलग्न राखि पेश गर्नुपर्नेछ ।

३. शिलबन्दी दरभाउपत्र फारम दर्ता गर्ने अन्तिम दिन वा शिलबन्दी दरभाउपत्र खोलिने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको भोलिपल्ट दर्ता हुने तथा खोलिनेछ ।

४. छुट्टाछुट्टै विषयको शिलबन्दी दरभाउपत्र फारम छुट्टाछुट्टै खाममा शिलबन्दी गरी खामको बाहिर ठेक्काको विषय खोली यस कार्यालयको नाम उल्लेख गरी पेश गर्नुपर्नेछ ।

५.रितपूर्वक दाखिला भएको शिलबन्दी दरभाउपत्रहरु तोकिएको मिति र समयमा दरभाउपत्र दाता वा निजको प्रतिनिधीको रोहवरमा हतुवागढी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा नियमानुसार खोलिनेछ । तर दरभाउपत्र दाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि शिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

६. म्याद नाघी आएको वा रित नपुगेको वा कुनै शर्त राखी पेश भएको शिलबन्दी दरभाउपत्रलाई मान्यता दिइने छैन ।

७. शिलबन्दी दरभाउपत्र साथ दरभाउपत्र दाताले नेपाली नागरिकताको प्रतिलिपी अनिवार्य संलग्न गर्नुपर्ने छ । संस्थाको हकमा दर्ताको प्रमाण पत्रको प्रतिलिपी, नविकरण गरेको प्रतिलिपी, कर कार्यालयमा दर्ता भएको प्रतिलिपी, नियम अनुसारको कर चुक्ता भएको प्रमाण पत्रको प्रतिलिपी अनिवार्य संलग्न गरेको हुनुपर्नेछ ।

८. ठेक्का स्वीकृत भएको जानकारी भएको मितिले ७ दिनभित्र नियमानुसार सम्झौता गर्न उपस्थित हनुपर्ने छ अन्यथा धरौटी जफत गरी प्रचलित नियम अनुसार हुनेछ ।

९. आफुले कबोल गरेको बार्षिक अंक रकम एकमुष्ट बुझाई सम्झौता गरेमा १० प्रतिशत छुट दिइनेछ ।

१०.कबोल गरेको सम्पूर्ण रकम अग्रिम नबुझाएको अवस्थामा सम्पूर्ण कबोल गरेको ठेक्का रकमलाई बार्षिक रुपमा तिन किस्तामा विभाजन गरिने र पहिलो किस्ता रकम सम्झौता भएको बखत बुझाउनु पर्नेछ ।र दोस्रो किस्ता रकम २०८० फागुन मसान्त, तेस्रो किस्ता रकम २०८० जेठ मसान्तसम्ममा अग्रिम बुझाउनु पर्नेछ । तोकिएको अवधिभित्र किस्ता नबुझाएमा सम्झौता पत्रमा उल्लेख भए बमोजिम हुनेछ ।

११. ठेकेदारले आय संकलनको लागि लिएको ठेक्का गाउँपालिकाले तोकेको दरभन्दा बढी लिन पाइने छैन । बढी लिएको पाइएमा वा लिइएको ठहरिएमा ठेकेदारलाई जरिवाना असुल गरिनेछ र आवश्यक देखिएमा ठेक्का सम्झौता खारेज गरिनेछ ।

१२. ठेक्का संचालन गर्दा गाउँपालिकालाई कुनै किसिमको हानि नोक्सानी पुर्याएमा सो को हर्जना असुल उपर गर्नुका साथै ठेकेदारलाई आवश्यक कार्बाही गरिनेछ ।

१३. ठेकेदारले कुनै कारण देखाई ठेक्का रकममा मिनाहा,छुट, हर्जाना सहुलियत माग गर्न पाउने छैन ।

१४. कर, शुल्क, दस्तुर अशुल गर्ने प्रयोजनका लागि गाउँकार्यपालिकाको कार्यालयले तोकेको ढाँचा र छाँपिएको दररेट भएको रसिद ठेकेदारले आफ्नो तर्फबाट छपाइ गाउँपालिकामा अभिलेख गराई छाप लगाएर मात्र प्रयोग गर्न पाइनेछ ।

१५.कुनै पनि चिठ्ठी, तार, टेलिफोन, फ्याक्सबाट आएको शिलबन्दी दरभाउपत्रलाई मान्यता दिईने छैन ।

महेश निरौला
प्रमुख प्रशासकीय अधिकृत

## हतुवागढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## घोडेटार, भोजपुर

कोशी प्रदेश, नेपाल

१६. यस ठेक्का सम्बन्धमा कुनै किसिमको विवाद उत्पन्न भएमा गाउँकार्यपालिका कार्यालयको निर्णय अन्तिम हुने र दुवै पक्षलाई मान्य हुनेछ ।

१७. शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक स्वीकृती गर्ने सर्वाधिकार यस गाउँपालिकामा सुरक्षित रहनेछ ।

१८. नेपाल सरकार, प्रदेश सरकार, यस गाउँपालिकाको आदेश निर्देशन,निर्णयको ठेकेदारले अक्षरस पालना गर्नुपर्नेछ ।

१९. यस सूचनामा उल्लेख भएको शर्त यसै बमोजिम र नभएको कुराहरुको हकमा प्रचलित ऐन, कानुन बमोजिम हुनेछ ।

२०. ठेक्का सम्झौता भएपछि अन्य दरखास्त वालाहरुको धरौटीको रकम फिर्ता दिइनेछ ।

२१. अन्य जानकारीको लागि हतुवागढी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

महेश निरौला
प्रमुख प्रशासकीय अधिकृत